# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर डा. खतिवडा IMF र JICA द्वारा आयोजित कार्यक्रममा सहभागी

थाइल्याण्डको राजधानी बैंककमा अन्तर्राष्ट्रिय मुद्रा कोष तथा जापानी सहयोग संस्था JICA ले संयुक्त रुपमा आयोजना गरेको ***"Frontier Asia: Economic Transformation and Inclusive Growth"*** विषयक सम्मेलनमा भाग लिई गभर्नर डा. युवराज खतिवडा माघ १७ गते स्वदेश फर्कनुभयो ।

गत माघ १५ गते सम्पन्न उक्त सम्मेलनको पहिलो सत्र Economic Transformation अन्तर्गत (क) Economic Transformation and Diversification र (ख) Fragmentation and Trade Cost in Economic Transformation विषयक कार्यपत्रहरु प्रस्तुत गरिएका थिए भने दोश्रो सत्र Inclusive Growth अन्तर्गत (क) The Elusive Quest for Inclusive Growth र (ख) The Role of Financial Deepening विषयक कार्यपत्रहरु प्रस्तुत गरिएका थिए । उपरोक्त सत्रहरुमा भाग लिँदै गभर्नर डा. खतिवडाले आर्थिक रुपान्तरण तथा समावेशी विकासमा राज्य एवं निजी क्षेत्रको प्रयास मात्र पर्याप्त नहुने हुँदा तेश्रो पक्षको रुपमा रहेका समुदायमा आधारित सहकारी संस्था, नागरिक समाज र गैर सरकारी संस्थाहरुको सक्रिय भूमिका पनि महत्वपूर्ण हुने विचार व्यक्त गर्नु भएको थियो ।

सम्मेलनको अन्तमा आयोजित तेश्रो सत्रमा सहभागी मुलुकहरुको आर्थिक रुपान्तरण एवं समावेशी विकास प्रवर्द्धन (Fostering Economic Transformation and Inclusive Growth) संग सम्बन्धित अनुभव तथा चुनौतीहरुका विषयमा High-Level Roundtable Discussion for Senior Policymakers सम्पन्न भएको थियो । High-Level Roundtable Discussion को प्यानलिष्टका रुपमा भाग लिँदै गभर्नर डा. खतिवडाले आर्थिक रुपान्तरण एवं समावेशी विकास बजार संयन्त्रबाट खोज्न कठिन हुने, बजारले अधिक कार्यकुशलता खोज्ने तर समावेशिताभित्र सोही अनुरुपको कुशलता नहुन सक्ने हुँदा यस्तो विरोधाभाषभित्र सरकारले कतिसम्मको लचकतापूर्वक दुवैलाई एकसाथ अघि बढाउने भन्ने विषयमा सोच्नु पर्ने धारणा राख्नु भयो । त्यसैगरी, समावेशिताले समन्यायिकता ल्याउँदैन, त्यसैले समावेशिता आवश्यक शर्त भएतापनि पूर्ण शर्त हुन नसक्ने टिप्पणी गर्नु भयो । प्यानलिष्टको आसनबाट बोल्दै गभर्नर डा. खतिवडाले आर्थिक रुपान्तरण एवं समावेशी विकासको सन्दर्भमा नेपालजस्तो विकासशील मुलुकको केन्द्रीय बैंकको भूमिकामाथि प्रकाश पार्दै परम्परागत उद्देश्य (आर्थिक स्थायित्व) मा मात्र सीमित नरही केन्द्रीय बैंकको कर्जा नीति, लगानी, उत्पादन, रोजगारी र समावेशी आर्थिक क्रियाकलापहरुका लागि सहयोगी हुनु पर्छ भन्ने तथ्यमाथि प्रकाश पार्नु भयो ।

कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर डा.खतिवडाले आर्थिक रुपान्तरण एवं समावेशी विकासका लागि दातृ निकायहरूले उपलब्ध

गराएको वित्तीय तथा प्राविधिक सहयोग महत्वपूर्ण रहने कुरा स्वीकार्नु भयो तर यस्ता सहयोगबाट संचालित आयोजना कति रोजगारी सघन (Labour Intensive), कति समावेशी र कति न्यायमूलक आर्थिक सामाजिक विकासतर्फ लक्षित छन् भन्ने कुराको सूक्ष्म विश्लेषण पनि हुनु पर्दछ भन्ने तथ्यमाथि प्रकाश पार्नु भयो । रोजगारीको अवसर विस्तार गर्न नसक्ने, गरिबी न्यूनीकरण गर्न नसक्ने र आय असमानतालाई घटाउन नसक्ने तर आर्थिक वृद्धि मात्र हासिल हुने विकास प्रकृयाले दीगो, समावेशी र समन्यायिक अर्थतन्त्रको सृजना गर्न सक्दैन तसर्थ दातृ निकायबाट संचालित आयोजनाहरूले दीगो र समावेशी आर्थिक विकास प्राप्त गर्नको लागि वर्तमान नीतिहरूको समीक्षा गर्दै दीर्घकालीन सोंच, आपसी समन्वय र एकरुपतासहित दातृ निकाय अघि बढ्नु पर्दछ भनी टिप्पणी गर्नु भयो ।

## बैंक अफ थाइल्याण्डको अवलोकन भ्रमण

गभर्नर डा. खतिवडाले माघ १६ गते बैंक अफ थाइल्याण्डको अवलोकन भ्रमण समेत गर्नु भएको थियो । सो क्रममा उहाँले बैंक अफ थाइल्याण्डका गभर्नर Dr. Prasarn Trairatvorakul संग उच्चस्तरीय भेटघाट तथा



छलफल गर्नु भएको थियो । भेटका क्रममा दुई केन्द्रीय बैंक बीच मानव संसाधनको क्षमता अभिवृद्धिका विषयमा आपसी सहयोगबारे छलफल भएको थियो ।

यसैगरी, गभर्नर डा. खतिवडाले बैंक अफ थाइल्याण्डले नोट व्यवस्थापन, भुक्तानी प्रणालीको सुदृढीकरण र वित्तीय स्थायित्व सम्बन्धमा अवलम्बन गरेका नीतिगत एवं प्रक्रियागत विषयमा उक्त बैंकका उच्च अधिकृतहरुसंग समेत छलफल गर्नु भएको थियो ।

सो सम्मेलनमा भाग लिन तथा अवलोकन भ्रमणका लागि उहाँ माघ १४ गते बैंककतर्फ प्रस्थान गर्नुभएको थियो ।

मिति २०६९।१०।१७

गभर्नरको कार्यालय